प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १ बिराटनगर

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/०६
दरखास्त पेश गर्ने अन्तिम मिति २०७९/०५/३०

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ बमोजिमका शर्तहरु पालन गरी कार्यक्रम कार्यान्वयन गर्नका लागि धनकुटा तथा तेह्रथुम जिल्लाका इच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/ उद्यमी/ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २५ (पच्चिस) दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।साथै रित नपुगेका, म्याद नाघी प्रास हुन आएका र विगत ३ बर्ष संघिय सरकार, मन्त्रालय, स्थानीय तह वा अन्य आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उस्को एकाघरको परिवारको प्रस्तावहरु दर्ता गराईने छैन ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८/ ०२६-५२२२८३, सम्पर्क केन्द्र तेह्रथुमको फोन नं. ०२६-४६०१२७ मा सम्पर्क राख्नु हुन वा कार्यालयको वेभसाईट vhlecdhankuta.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्वन्धी ऐन, नियमावली, मापदण्ड तथा निवेदन र प्रस्तावना फारम डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रमको विवरण:-

| क.सं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | | उपलब्ध हुन सक्ने प्रति इकाइ अधिकतम अनुदान रकम | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ को बुदा नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | धनकुटा | तेह्रथुम | | | |
| १ | च्यापकटर वितरण (मोटर सहित) | संख्या | १८ | १८ | कुल लागतको ७५% वा वढीमा ३० हजार सम्म | परिच्छेद ३ को बुदा नं. ३.४ अनुसार | |
| २ | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | १५ | १० | कुल लागतको ७५% वा वढीमा २ लाख सम्म | परिच्छेद ३ को बुदा नं. ६.१ अनुसार | |
| ३ | कृषि/पशु सहकारी संस्थाहरुसंगको सहकार्यमा व्यवसायिक पशुपालन कार्यक्रम | संख्या | १ | ० | कुल लागतको ७५% वा वढीमा ३५ लाख सम्म | परिच्छेद ३ को बुदा नं. ६.२ अनुसार | |
| ४ | बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम | संख्या | १ | १ | कुल लागतको ७५% वा वढीमा ४५ लाख सम्म | परिच्छेद ३ को बुदा नं. ६.७ अनुसार | |

लोकनाथ ढुंगाना
पशु विकास अधिकृत
नि. कार्यालय प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | द्वन्द पिडित पशुपन्छी पालन कार्यक्रम | संख्या | ७ | ५ | कुल लागतको ७५% वा वढीमा ३ लाख सम्म | प्रदेश कृषि मन्त्रालय प्रदेश नं. १ ले तोके बमोजिम | नेपाल सरकारबाट उपलब्ध गराइएको द्वन्द पिडित प्रमाणपत्र लिएका व्यक्ति वा परिवार |
| ६ | दुध उत्पादनका आधारमा अनुदान | पटक | १ | १ | प्रति लिटर रु.२ रुपैया मात्र | परिच्छेद ४ को बुदा नं. ८ अनुसार | |

**प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. रु. १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।
२. आवेदन दस्तुर व्यक्तिगत भएमा रु. १००।- र संस्थागत भएमा रु. २००।- तथा कुल ५० लाख वा सो भन्दा माथि कुल लागत भएको आयोजनाको लागि रु. ५००।–
३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
४. कार्यक्रम संचालनको लागी तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना ।
५. कार्यक्रम कार्यान्वयन स्थलको स्वामित्व जग्गाको धनिपुर्जा प्रतिलिपी, तिरो तिरेको रसिद ।
६. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको आधिकारिक करारनामा सम्झौता पत्र र मालपोत तिरेको रसिद
७. एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मंजुरीनामा पत्र र मंजुरीनामा दिने र लिनेको नागरिकताको प्रतिलिपी ।
८. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म/संस्था/व्यवसाय दर्ता/ नविकरण/ पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
९. समुह/समिति/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी ।
१०.अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ताको प्रतिलिपी ।
११.लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।
१२.विगत ३ बर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र ।
१३.स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।
१४.पशुपन्छी बिमाको कागजात ।
१५.नियामावली तथा मापदण्डमा उल्लेख भए अनुसार माग भए बमोजिमका थप कागजातहरु ।

नोटः

१. निवेदन तथा व्यवसायिक योजनाको ढाँचा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र तेह्रथुमबाट प्राप्त गर्न सक्नुहुनेछ ।
२. आवेदन पेश गर्न सक्ने स्थानः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र तेह्रथुम ।

लोकनाथ ढुंगाना
पशु विकास अधिकृत
नि. कार्यालय प्रमुख